मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

जग्गा बिक्रीमा
जनकपुरधाम, मुजेलिया स्थित भाटभटेनीको सामुन्ने जनकपुर-ढल्केबर सडक (६ लेन) बाटोको पूर्वपट्टी रहेको जम्मा १ कठ्ठा आकर्षक जग्गा बिक्रीमा रहेको सहर्ष जानकारी गराइन्छ। ईच्छुक महानुभावले तलको नम्बरमा सम्पर्क गर्नुहोला।
सम्पर्क नं.-9817880359

वर्ष २ | अंक १८८ | २०८१ साल जेठ १५ गते मंगलबार | Tuesday 28, May 2024 | सूर्योदयः बिहान ५:१२ बजे | सूर्यास्तः साँझ ६:५३ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

## दर्जनौं अवैध अस्पताल सञ्चालनमा हुँदैन अनुगमन




**सञ्जय मिश्रा**
**रौतहट ।**

रौतहटमा मापदण्ड पुरा नगरी खोलिएका दर्जनौं निजी अवैध अस्पतालमा झोले डाक्टरहरुले उपचार गरी एकतर्फ सयौं नेपालीको ज्यानसँग खेलवाड गरिरहेका छन् । उपचारको नाममा त्यस्ता अस्पतालमा बिरामीसँग लाखौं रुपैयाँ लुटिरहेका छन् तर नियमनकारी निकाय मौन बसेको गुनासो बढ्दै गएको छ । नियमनकारी कुनै पनि निकायबाट उक्त अवैध अस्पतालको अनुगमन निरीक्षण भएको देखिएको छैन । त्यसको ज्वलन्त उदाहरणको रुपमा रहेको छ शिवनगरस्थित आनन्द होस्पिटल । जिल्लाको मध्यभाग गरुडा नगरपालिका शिवनगर स्थित बर्षौंदेखि अवैधरुपमा मापदण्ड पुरा नगरी आनन्द होस्पिटल प्राली सञ्चालनमा रहेको छ । प्यारालाइसिस पक्षाघात (लकवा) रोगको ग्यारेन्टी उपचारको नाममा झोले डाक्टर उमेश प्रसाद जैसवालले प्रत्येक विरामीसँग एक देखि डेढ लाख रुपैयाँसम्म लुट्दै आएका छन् । तर नियमनकारी कुनै पनि निकायले हालसम्म नियमन अनुगमन गरेको छैन । स्थानीय प्रशासन, स्थानीय निकाय अथवा औषधी व्यवस्था विभाग वीरगंज मुकदर्शक बनेको छ । आनन्द पोलिक्लिनिक एक्युपञ्चर शिवनगरले २०७३ साउन १९ गते जिल्ला स्वास्थ्य कार्यालय गौरबाट स्वीकृति लिएर २०७६ फागुन १३ गते गरुडा नगरपालिकामा नविकरण गरेको तथ्यांक रहेको छ । तथ्यांकमा आनन्द पोलिक्लिनिक एक्युपञ्चर रहेको छ तर यथार्थमा आनन्द होस्पिटल प्रा लि नाम राखेर बर्षौंदेखि संचालन गर्दै आएका जैसवालले विरामीहरुसँग लाखौं रकम लुट्दै आएका छन् । अस्पतालमा बेड राख्ने प्रक्रिया पुरा नै नगरी दर्जनौं बेड राखेर नक्कली डाक्टर उमेश प्रसाद जयसवालले विरामीहरुको स्वास्थ्यसँग प्रत्यक्ष रूपमा खेलवाड गरिरहेका छन् ।

स्थानीय स्रोतका अनुसार जैसवालले नियमनकारी निकायलाई पैसाको प्रभाव र राजनीतिक दवाबमा पारेर अहिलेसम्म विरामीलाई उपचार गर्ने निहुँमा लुट्दै आएका छन् । गाउँ गाउँमा दलाल राखेर पक्षाघात भएका विरामीहरुलाई आफ्नो हस्पिटलमा ल्याएर उपचारको नाममा उनले आर्थिक लुट मच्चाउँदै आएका छन् । झण्डै एक दशकदेखि उनले नेपाल सरकारको स्वास्थ्य मन्त्रालयले निर्धारण गरेको मापदण्ड विपरित गैरकानुनी रुपमा होस्पिटल संचालन गर्दै आएको स्थानीयहरूले बताएका छन् । निजी स्तरको होस्पिटल संचालन गर्न नेपाल सरकारको स्वास्थ्य मन्त्रालय स्वास्थ्य सेवा विभागद्धारा निर्धारण गरिएको परिपत्र अनुसार २८ वटा बुँदामा लेखिएकका पूर्वाधार पूरा गर्नुपर्दछ । तर बिना पूर्वाधार आनन्द होस्पिटल प्रा लि गैरकानुनी रुपमा संचालन रहँदा कुनै पनि निकायबाट कारवाही नगरिएको स्थानीयहरुले गुनासो गर्दै आएका छन् । आनन्द हस्पिटल एउटा उदाहरण मात्र हो रौतहट जिल्लाको प्रायः सबै पालिकामा मापदण्ड विपरित दर्जनौं निजी अस्पताल सञ्चालनमा रहेका छन् । अवैध रुपमा सञ्चालित त्यस्ता अस्पतालहरुमा एकातर्फ विरामीको स्वास्थ्यसँग खेलवाड गरिरहेका छन् भने अर्को तर्फ उपचारको नाममा बिरामीसँग लाखौं लाख असुल गरिरहेका छन् । यस्तै गुनासो आएपछि केही महिना अघि जिल्ला प्रशासन र जिल्ला प्रहरीको संयुक्त टोलीले शुकदेव चौक स्थित एक निजी अस्पतालमा छापामारी तीनजना भारतीय नक्कली डाक्टरलाई पक्राउ गरी कारवाहीको दायरामा ल्याएको थियो । पालिका भित्र कसैले पनि बिना मापदण्ड पुरा गरी अस्पताल, क्लिनिक, मेडिकल सञ्चालन गरेर नागरिकको स्वास्थसँग खेलवाड गर्छ भने त्यस्तालाई कारवाहीको दायरामा ल्याउने अधिकार स्थानीय निकायसँग रहेको छ । तर विभिन्न राजनीतिक प्रभावको कारण जिल्लाको १८ स्थानीय तह मध्ये प्रायः कुनै पनि पालिकाले अहिलेसम्म अनुगमनको पहल गरेको देखिएन । रौतहटका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले गैरकानुनी रुपमा जिल्लामा सञ्चालनमा रहेको निजी अस्पतालहरुमा अनुगमन गर्ने पहिलो अधिकार स्थानीय निकायको रहेको बताए । तर स्थानीय तहसँगै अन्य निकायले ध्यान नदिँदा जिल्ला प्रशासनबाट चाँडै अनुगमन शुरु गर्ने तयारी भइरहेको प्रजिअ रेग्मीले बताए । शिक्षा र स्वास्थ्य जस्ता नागरिकसँग प्रत्यक्ष सरोकारको विषयमा स्थानीय प्रशासनसँगै स्थानीय निकायका प्रमुखहरुको पनि ध्यान जान जरुरी छ ।




## दीर्घकालीन असर हुने निर्णय नगर्न ज्ञापनपत्र

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

नेकपा एमाले र माओवादी केन्द्रले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा परेको भन्दै कुनैपनि खालको दीर्घकालिन कार्य नगर्न भन्दै चार दलले मुख्यमन्त्री सरोजकुमार यादवलाई ध्यानाकर्षण पत्र बुझाएका छन् । नेकपा एमालेका संसदीय दलका नेता सरोजकुमार यादव, माओवादी केन्द्रका संसदीय दलका नेता भरत प्रसाद साह, जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादव र लोकतान्त्रिक समाजवादी पार्टीका उपनेता उपेन्द्र महतोले मुख्यमन्त्री यादवले सरकार अहिले अल्पमतमा रहेको र विभिन्न योजनाहरुको रकमान्तरण जस्ता कार्य सरकारले गरिरहेको त्यसलाई तत्काल रोक्न माग गरेका छन् । स्थानीय तहलाई दिँदै आएको सशर्त अनुदानमा अनियमित हुने खेल नखेल्न मुख्यमन्त्री यादवलाई आग्रह गरेको लोसपा उपनेता महतोले बताए । उनले सरकार अल्पमतमा रहेको अवस्थामा सरकारले कुनै योजना संचालन गरेर आफु खुसी गर्नुको साटो बरु विश्वास मत लिएर जान चुनौती दिए ।



चार दलले सरकारले विभिन्न योजनाहरुलाई रकमान्तरण गरेर आफू खुसी संचालन गरिरहेको अवस्थामा त्यसलाई रोक्न सचेत गराएको छ । अहिले जसपाका सञ्जय यादव अर्थमन्त्री छन् । विगतमा उनले सशर्त अनुदान मनपरी ढंगले वितरण गरेपछि विवादित बनेका थिए । सशर्त अनुदान वितरणमा भ्रष्टाचार भएको भन्दै संसदीय छानबिन समिति बनेको छ । तर समितिले प्रतिवेदन सार्वजनिक गरिएको छैन । आर्थिक वर्षमा पनि स्थानीय तहलाई सशर्त अनुदान वितरण मनपरी ढंगले गर्न लागेको सूचना पाएकाले मुख्यमन्त्रीको ध्यानाकर्षण गराएको हो ।

### प्रचण्ड संघीयता विरोधीः मुख्यमन्त्री

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले माओवादी केन्द्रका अध्यक्ष एवम् प्रधानमन्त्री पुष्प कमल दाहाल(प्रचण्ड) संघीयता विरोधी रहेको आरोप लगाएका छन् । उनले मधेश प्रदेश संघीयताको असफल अभ्यासमा लागेको अवस्थालाई त्यसलाई अस्थीरता मचाउने कार्य गरिरहेको आरोप लगाए । उनले माओवादी अध्यक्ष प्रचण्ड नै संघीयता सबल र टिकाउ नहोस भन्ने खालको गतिविधिमा लागेको आरोप लगाए । चार दलले बुझाएको ध्यानाकर्षण पत्र पछि संचारकर्मीहरुसँग कुरा गर्दै उनले मधेश प्रदेश संघीयताको असफल अभ्यास गरिरहेको अवस्थामा माओवादी अध्यक्षले त्यसलाई उथलपुथल मचाउने कार्य गरेको आरोप लगाए । उनले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पहिला नै संघीयता नचाहेको स्पष्ट पारेको उल्लेख गर्दै उनले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई सरकारमा ल्याउने नेतृत्व संघीयताको पक्षधर हुनै नसक्ने जिकिर गरे । मुख्यमन्त्री यादवले संघीयतामाथि प्रहार गर्न मधेश प्रदेशमा पटक पटक विश्वासको मत फिर्ता लिने, कर्मचारीको सरुवा गर्ने लगायतका गतिविधि संघ सरकारले गरेको आरोप लगाए ।

### प्रदेश सभाको बैठक आह्वान

मधेश प्रदेश सभाको तेश्रो बैठक आह्वान गरिएको छ । नेकपा एमाले र माओवादी केन्द्रले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै प्रदेश सभाको अधिवेसन अन्त्य गरिएको थियो । मधेश सरकारको सिफारिसमा प्रदेश प्रमुखको कार्यालयबाट जेष्ठ २१ गते दिउँसो २ बजेका लागि तेस्रो अधिवेशन आह्वान गरिएको हो । प्रदेश प्रमुखको कार्यालयबाट निमित्त सचिव लुम्बनाथ पोखरेलद्वारा हस्ताक्षरित पत्रमा प्रदेश प्रमुख सुमित्रा देवी भण्डारीबाट अधिवेशनका आह्वान लागि जानकारी गराएको जनाएको छ ।

## अत्यधिक गर्मीका कारण विद्यार्थी मुर्छित

**मधेशदृष्टि**
**रौतहट ।**

पछिल्लो केही दिनदेखि बढेको गर्मीको कारण रौतहटस्थित विद्यालयमा अध्ययनरत विद्यार्थीहरु मुर्छित हुनथालेपछि विद्यालयहरू धमाधम विदा दिइरहेका छन् । स्थानीय वृन्दावन नगरपालिका ७ सखुअवा धमौरा स्थित श्री रुपा नेपाली पाल माध्यमिक विद्यालयमा सोमबार अत्याधिक गर्मीको कारण एकजना बालिका मुर्छित भएकी हुन् । नगरप्रमुख विनोद प्रसाद पटेलले अत्यधिक गर्मीसँगै बालिका छारे रोगको बिरामी भएकाले मुर्छित भएको बताएका छन् । उपचार पछि बालिका निको भएको मेयर पटेलले जानकारी दिए । पछिल्लो एकसातादेखि बिहान सुर्योदय हुना साथ चर्को घाम सँगै अत्यधिक गर्मी बढिरहेको कारण जिल्लाको जनजीवन कष्टकर बनेको छ । गर्मीले सर्वसाधारण मानिस काम विशेष बाहेक घरबाहिर निस्कन छाडेका छन् । सरकारी कार्यालयमा सेवाग्राहीको संख्या न्यून भएको छ । तीन चार दिनदेखि ४० डिग्रीको हाराहारीमा तापमान रहँदा सर्वसाधारणको जनजीवन



प्रभावित बनेको हो । आईतबार बौधीमाई नगरपालिका ८ सरमुजवाका ५५ बर्षिय जयमंगल यादवको अत्याधिक गर्मी सहन नसकेर देवाही गोनाही मौलापुर सडकखण्ड अन्तर्गत लाल बकैया पुलमा ढलेर मृत्यु भएको थियो । यसैबीच शिक्षा विकास तथा समन्वय इकाई रौतहटका प्रमुख रामविनय कुमार सिंहले जिल्लाको १८ वटै पालिकामा रहेका सामुदायिक विद्यालयहरुलाई बर्षे विदाबाट कट्टा हुने गरी बिदा दिन आग्रह गरेका छन् । केही दिनदेखि बढेको अत्याधिक गर्मीको कारण विद्यालयमा अध्ययन गर्न आउने बालबालिकाहरु मुर्छा पर्ने तथा अन्य लक्ष्णहरुले ग्रसित भईरहेको हुँदा तत्काल विद्यालयमा बिदा दिन प्रमुख सिंहले सूचना जारी गरेका छन् । जिल्लाको इशनाथ, कटहरिया र गरुडा नगरपालिकाले जेठ १६ गतेदेखि १८ गतेसम्म तीन दिनका लागि विद्यालयमा विदा दिएका छन् ।

## सिरोहियालाई थप ३ तीन हिरासतमा राख्न अनुमति

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

नागरिकतासम्बन्धी कसुरमा पक्राउ परेका कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई थप ३ दिनको म्याद थपिएको छ ।

सोमबार जिल्ला अदालत, धनुषामा उनलाई पेश गरिएकोमा म्याद थप गरिएको हो । गत शुक्रबार अदालतले सिरोहियाको मुद्दाको अनुसन्धान गर्न प्रहरीलाई दोस्रोपटक ३ दिन थुनामा राख्न अनुमानि दिएको थियो । त्यो समय सकिन लाग्दा सोमबार फेरि पनि सिरोहियालाई अदालतमा म्याद थपका लागि पेश गरिएको थियो । सिरोहियालाई गत मंगलबार थापाथलीस्थित कान्तिपुरको कार्यालयबाट पक्राउ गरी बुधबार बिहान धनुषा ल्याइएको थियो । बुधवार नै उनलाई धनुषा जिल्ला अदालतमा पेश गर्दा न्यायाधीश चुरामन खड्काको इजलासले ३ दिन हिरासतमा राख्न अनुमति दिएको थियो । सिरोहियाको स्वास्थ्यमा समस्या देखिएपछि उनलाई जनकपुरधामस्थित काव्या अस्पतालमा भर्ना गरिएको थियो । उनलाई अस्पतालकै एम्बुलेन्सबाट अदालतमा उपस्थित गराइएको थियो ।

*आशा भनेको हिँडिरहने सपना हो ।*

*– अरस्तु*

## सम्पादकीय

# गणतन्त्र स्थापनाको १६ वर्ष पूरा

*आज जेठ १५ गते गणतन्त्र दिवस । एकात्मक राजतन्त्रको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागु भएको दिन हो । जननिर्वाचित पहिलो संविधानसभाबाट २०६५ जेठ १५ गते राजतन्त्रको अन्त्य गरी नेपालमा गणतन्त्र घोषणा गरिएको थियो । २०६४ साल चैत २८ गते पहिलो संविधानसभाको निर्वाचन भयो । २०६५ जेठ १५ गते बसेको संविधानसभाको पहिलो बैठकले २४० वर्षे राजसंस्थाको विधिवत् अन्त्य गरी मूलुकमा गणतन्त्र घोषणा गर्न सफल भयो । त्योबेला पहिलो संविधानसभाले संविधान जारी गर्न भने सकेन । पुनः २०७० मङ्सिर ४ गते दोस्रो पटक संविधानसभा निर्वाचन भयो । सोही निर्वाचनबाट निर्वाचित सभाले २०७२ असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी गर्न सफल भयो । विगतमा पटक–पटक भएका विभिन्न राजनीतिक परिवर्तनको जगमा मुलुकले नयाँ संविधान पाउँदा नागरिकस्तरमा पनि उत्साह थपियो । संविधानबमोजिम केन्द्र, प्रदेश र स्थानीय तह गरी तीनै तहमा दोस्रो कार्यकालका लागि जनप्रतिनिधि निर्वाचित भइसकेका छन् । तर, संविधान जारी भएको एक दशक नपुग्दै संविधान संशोधनदेखि व्यवस्था परिर्वतनसम्मका आवाज मुखरित हुनुले थप चुनौती बढेको छ ।*

*संविधानको सही र पूर्ण कार्यान्वयन हुन नपाउँदै पछिल्लो समय सतहमा आएका सवालहरुले नयाँ विकल्प खोजेको देखिन्छ । तर, त्यो विकल्प के हो भन्ने विषयमा दलहरु र नेताहरुमा मतभिन्नता छ । केही नयाँ त केही पूरानै दलहरुबाट संविधान संशोधन गर्नुपर्ने बताउँदै आइरहेका छन् । तर, संविधानको एउटा धारालाई चलाउँदै त्यसको हलचल कहाँसम्म जान्छ भन्ने भयले पनि दलहरुले अहिलेकै अवस्थामा शाहस जुटाउन सकिरहेका छैन । हुन त अहिलेको व्यवस्था लागु गर्न महत्वपूर्ण भूमिका खेलका दलहरु भित्र नै व्यवस्था विरोधी आवाजहरु सुनिन थाल्नु पनि अब नौलो विषय रहेन । एकातर्फ शासन सत्ता सञ्चालन गरिरहेका अहिलेका दलहरुप्रति नागरिकको निरासा बढ्दै जानु अर्कोतर्फ स्वमय राजनीतिक दलहरु पनि शासकिय प्रणालीमा फेरबदल गर्न खोज्नुले अबको बाटो कता जान्छ एकिन छैन । संविधानको पूर्ण कार्यान्वयन हुन नसक्नुमा राजनीतिक दलहरुकै इच्छाशक्ति प्रमुख कारण बनेको देखिन्छ । अहिलेको व्यवस्थामै रहेर जनताको अवस्था सुधार गर्न दलहरु चुकिरहेका छन् । त्यस्ता विषयमा आत्मसमिक्षा गरि अघि बढ्नुपर्ने दलहरुको व्यवहारमा पनि परिर्वतनको गुञ्जायस छैन ।*

*संविधान निर्माण भएपछि बनेका तीन तहका सरकारबाट नागरिकले पाउनुपर्ने सेवा सुविधामा सहजता छैन । सिंहदरबारको अधिकार गाउँगाउँसम्म पुगेको भनिए पनि नेतृत्वकर्ताको आचारणमा सुधार नल्याउँदा बेथिती झनै मौलाएको छ । हरेक क्षेत्रमा राजनीतिकरणले गर्दा विकास र समृद्धि केवल नारामा सीमित छ । दलीय स्वार्थको दलदलले गर्दा मुलुकमा गनुपर्ने कामहरु समेत छायामा परेका छन् । त्यसैले अब विगतमा भएका विभिन्न परिर्वतनका उपलब्धीलाई संस्थागत अघि बढ्नुको विकल्प दलहरुसँग छैन । विगतमा निरंकुश राज्य सत्ताका विरुद्ध एकजुट भएका दलहरु एक पटक पुनः दलीय स्वार्थभन्दा माथि उठेर जनताको पक्षमा उभिन सक्नुपर्ने छ । देशको विकास समृद्धि र सुशासन स्थापनाका लागि राज्य संयन्त्रको पनि थप प्रभावकारिताको खाँचो छ । जनतालाई साँचो अर्थमा मुलुकमा गणतन्त्र स्थापना भएको छ भन्ने आभास दिलाउन पनि नेतृत्व तह स्वयंम सच्चिन जरुरी छ । गणतन्त्र दिवसको सबैमा शुभकामना ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशद्दष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

## गणतन्त्रको उपजः

# स्थानीय सरकार – गाउँघरको सिंहदरबार



कृष्णहरि बास्कोटा

संविधानसभाद्वारा २०७२ सालमा जारी भएको वर्तमान नेपालको संविधानले मुलुकलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा रुपान्तरित गरेको छ । मुलुकमा तीन तहका सरकार गठन भएका छन् । यस अनुसार ७५३ वटा स्थानीय तहले घरआँगनमा सिंहदरबार आएको अनुभूति दिलाएका छन् । यस सन्दर्भमा विगत सात÷आठ वर्षमा स्थानीय सरकारहरुबाट तुलनात्मकरुपमा प्रशंसनीय काम भएको छ।

नेपालको संविधानको अनुसूची ८ र ९ बाट स्थानीय सरकारले २२ वटा एकल र १५ वटा साझा अधिकार हासिल गरेका छन्। यस अतिरिक्त, संविधानका अन्य विभिन्न प्रावधान र अन्य कैयौँ कानुनद्वारा स्थानीय सरकारहरु आम जनतामा आवश्यक सेवा सुविधा प्रदान गर्न तथा विकास निर्माणको काम गर्न सक्षम भएका छन्। यसरी, सङ्घीयताको माध्यमद्वारा आफूलाई प्राप्त अवसरलाई स्थानीय सरकारले निकै सुझबुझका साथ कार्यान्वयनमा ल्याएका छन्।

मुलुकमा स्थापित सात सय ५३ वटा स्थानीय सरकार मातहत छ हजार सात सय ४३ वटा वडा कार्यालय रहेका छन्। यी वडा कार्यालयले बिहान, बेलुकी र सार्वजनिक बिदाको दिनसमेत नभनी अविरलरुपमा आमजनतामा प्रवाह गरेका सेवाहरु अतुलनीय छन् । यसरी वडा कार्यालयमार्फत स्थानीय सरकारहरुले आम जनतालाई घरदैलोमै सेवा प्रवाह गर्न सफल भएका छन् । सामान्यतः वडा कार्यालयका सेवाहरु सरल, सुलभ, छिटो र भरपर्दो पाइएको छ। यी सेवाहरु जनमुखी, सेवाग्राहीमैत्री, कम खर्चिलो र कम झन्झटिलो बोध भएका छन्। स्थानीय सरकारहरुले आफूलाई जवाफदेही र उत्तरदायी तुल्याउन चार÷चार महिनामा सार्वजनिक सुनुवाइ गरिआएका छन् । यसैगरी, यी सरकारहरुले आफूले सम्पादन गरेको कामबाट आम जनतामा के कस्तो प्रभाव परेका छ भनी जान्न वर्षमा एक पटक सामाजिक परीक्षण गर्ने गरेका छन्। यस अतिरिक्त, कुनै पनि स्थानीय सरकाबाट नयाँ आयोजनाको आरम्भ गर्दा र सो आयोजना सम्पन्न हुँदा तत्स्थानमा लाभग्राही जनतालाई भेला गराई सामाजिक परीक्षण गर्ने गरेका छन्।

यसैगरी, नगरपालिका र गाउँपालिकाले पाँच हजार रुपैयाँको क्षतिपूर्तिसहितको नागरिक वडापत्रको व्यवस्था गरेका छन्। आम जनताको गुनासो सुन्न र समाधान गर्न गुनासो सुन्ने अधिकारी तोकेका छन्। साथै, आम जनतामा सूचना प्रवाह गर्न सूचना अधिकारी तोकेका छन् । प्रायः सबै पालिकाले लैङ्गिक उत्तरदायी बजेटको अवधारणालाई आत्मसात् गरेका छन्। यिनले प्रत्येक महिनाको ७ गतेभित्र आफ्नो आम्दानी र खर्च सार्वजनिक गर्न थालेका छन्। स्थानीय तहको स्वमूल्याङ्कन गर्ने लिजा र वित्तीय जोखिम कम गर्ने एफआरएजस्ता मूल्याङ्कनको विधिमा आफूलाई अब्बल तुल्याउन पालिकाहरु सकारात्मक प्रतिप्रधामा उद्धत्त रहनु खुसीको कुरा हो।

हालका दिनमा अधिकांश स्थानीय सरकारहरुले अनलाइन सेवा प्रवाह गरिआएका छन् । यिनीहरुले पालिकाको कार्यालय र वडा कार्यालयमा प्रविधिमैत्री, सिसीटिभी, विद्युतीय हाजिरी, स्क्रिन सूचनापाटी, सिसी क्यामरा र विद्युतीय हाजिर जडान गरेका छन् । अधिकांश पालिकाले डिजिटल बडापत्र, डिजिटल सूचना पाटी र आकर्षक सेवाग्राही सहायता कक्ष सञ्चालनमा ल्याएका छन्। प्रायः सबै पालिकामा सिंहदरबाको अनुभूति दिन सुविधा सम्पन्न बहुतल्ले पालिका भवन निर्माण गरेका छन्। प्रायः सबै वडामा वडा कार्यालय भवन निर्माण भैरहेको छ। पालिकाहरुले वडागतरुपमा घुम्ती सेवा सञ्चालन गरी आम जनतामा सेवा पु¥याएका छन्।

नेपालका स्थानीय सरकारहरुले नगर प्रहरीको माध्यमद्वारा कैयौँ अव्यवस्थाउपर धावा बोलेका छन् । उनीहरुले बैक, वित्तीय संस्था र सहकारीका माध्यमद्वारा आम जनतामा बचत गर्ने बानीको विकास गर्नु साथै थुप्रै उद्यमशील योजनाहरु सञ्चालनमा ल्याएका छन् । यिनीहरुले काम गर्ने र सोको बजारीकरण गर्ने विषयलाई प्राथमिकतामा राखेका छन्। विस्तारै स्थानीय सरकारहरु आन्तरिक राजस्व वृद्धि गर्न करका क्षेत्रहरुको पहिचानमा तल्लीन छन्।

प्रायः सबै पालिकाहरुले दीर्घकालीन सोच, पाँच वर्षे आवधिक योजना, तीन वर्षे खर्च संरचनाको माध्यमद्वारा बर्सेनि नीति तथा कार्यक्रम र बजेट जारी गरिरहेका छन् । नगरपालिका र गाउँपालिकाहरु आम जनताको दैनिक उपभोग्य वस्तु र सेवा सहजरुपमा उपलब्ध गराउन बजार अनुगमनमा खटिन थालेका छन्। यिनीहरु बेरोजगारलाई रोजगारी दिन र भाषा, संस्कृति, कलाको संरक्षणमा पनि संवेदनशील भएका छन्। यिनले पालिकाको सौन्दयीकरण, दैवी विपद् व्यवस्थापन, फोहर व्यवस्थालगायतका क्षेत्रमा आफनो क्रियाशीलता प्रदर्शन गरेका छन् । यस्ता काममा स्थानीय तहलाई सङ्घीय र प्रदेश सरकार एवं आम जनताको सहयोग र साथ चाहिन्छ।

पछिल्ला दिनमा पालिकाहरुले 'एक गाउँ एक उत्पादन' अभियान आरम्भ गरेका छन्। उनीहरुले कृषि क्षेत्रलाई यान्त्रिकीकरणमा रुपान्तरित गर्न रिपर, पावर टिलर, मिनी ट्रयाक्टर, हार्भेष्टरजस्ता कृषि उपकरणमा अनुदान दिन थालेका छन् । उनीहरुले कृषिको सम्भाव्यता अध्ययनका लागि माटो परीक्षण गर्ने, पशुपालनको विकासका लागि सुत्केरी गाई भैंसीलाई भत्ता दिने, कृत्रिम गर्भाधान गराउने, नश्ल सुधार गर्ने, साइलेस प्रविधि भित्र्याउने तथा कृषि उत्पादनको समर्थन मूल्य तोक्नेजस्ता सत्कार्य गरिआएका छन्। मूलतः यिनीहरुले कृषि र पशु बिमालाई जोड दिएका छन्। कृषि उत्पादन वृद्धिको योजना लागू गरेका छन्।

स्थानीय सरकारहरुले शिक्षाको गुणस्तर सुधार गर्ने, यसका लागि प्रधानाध्यापकसँग कार्यसम्पादन करार गर्ने, स्थानीय पाठ्यक्रम लागू गर्ने, प्राविधिक शिक्षा, इ–लाइब्रेरी र विज्ञानको प्रयोगशाला स्थापना गर्ने, जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नेजस्ता राम्रा काम गरिरहेका छन्। यसैगरी, स्वास्थ्य सेवातर्फ पालिकाहरुले अस्पताल नै सञ्चालन गरेका छन् । आम नागरिकलाई ब्लड बैंकको सेवा, डायलासिस सेवा, विद्यार्थीको बर्सेनि स्वास्थ्य परीक्षण, चौबिसैँ घण्टा स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याएका छन्।

यसैगरी वडागत रुपमा खोप सेवा, सुनौला हजार दिनको कार्यक्रम सञ्चालन गर्ने, पोषण शिक्षा, चौबिसैँ घण्टा आकस्मिक सेवा प्रवाह, निःशुल्क औषधि वितरण, स्वास्थ्य शिविर सञ्चालनलगायतका काम गरिरहेका छन्। स्थानीय सरकारहरुको गठनसँगै लक्षितवर्गको सेवा सुविधामा बढोत्तरी भएको छ। यिनीहरुले ज्येष्ठ नागरिकलाई मल्टी भिटामिन वितरण गर्ने, लौरो दिने, टर्च लाइट दिने, मोतियाविन्दुको शल्यक्रिय गर्ने, धार्मिक पर्यटनमा लैजाने, दिवा सेवा केन्द्र स्थापन गर्ने, मनोरञ्जनका साधन उपलब्ध गराउनेलगायतका सेवा प्रवाह गरेका छन्। यसबाट ज्येष्ठ नागरिकहरु खुसी भएका छन्।

यसैगरी, अपाङ्गता भएका व्यक्तिलाई ह्विलचियर उपलब्ध गराउने, विशेष भत्ता दिने, ब्रेललिपी सिकाउने, आत्मनिर्भरताको तालिम दिने, केही गरिखान बीउपुँजी दिने कार्य भइरहेको छ । पालिकाहरुले अपाङ्ग र बालमैत्री संरचना निर्माणमा जोड दिइरहेका छन् । स्थानीय सरकारहरुबाट महिला विकास र सशक्तीकरणका कामहरु पनि भइरहेको छ। यिनीहरुले छोरीजन्म उपहार कार्यक्रम, छोरी बचाउ कार्यक्रम, छोरीलाई आत्मरक्षा तालिम, निःशुल्करुपमा स्यानिटरी पायड वितरण, बालविवाह अन्त्य गर्ने पहल, महिला हिंसा रोक्ने प्रयास, अन्धविश्वासविरुद्ध सामाजिक रुपान्तरणका काम गरिरहेका छन्। यस अतिरिक्त, स्थानीय सरकारहरुले दलित, लोपोन्मुख वर्ग, वञ्चितीकरणमा परेको वर्ग, आदिवासी, गरिब, विपन्नलगायत लक्षित वर्ग केन्द्रित थुप्रै कार्यक्रम सञ्चालनमा ल्याएका छन्। यसबाट आम जनतामा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीप्रति आशा र भरोसा जागृत भएको छ।

स्थानीय सरकारहरु सङ्घीय शासनका बलिया खम्बा हुन्। यसर्थ भविष्यका दिनमा यिनीहरुले उच्च राजनीतिक संस्कारका माध्यमद्वारा कर्मचारीतन्त्रसँग नङ र मासुको सम्बन्ध कायम गरी आम जनतामा आशा र भरोसा अभिवृद्धि गर्नुपर्छ। सबै स्थानीय सरकारहरुले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिनुपर्छ। यी सरकारहरुले काम गर्दा कुनै पनि प्रकारको बेरुजु सिर्जना हुन दिनुहुँदैन । यिनले प्रशासनिक खर्च कम गर्दै पुँजीगत बजेट वृद्धि गर्नुपर्छ । यिनीहरुले निर्माण गर्ने सडक, स्कुल, स्वास्थ्यचौकी वा सामुदायिक भवनहरु दिगो र भूकम्प प्रतिरोधक हुनुपर्छ । यिनीहरले आम जनतामा आर्थिक क्रियाकलापप्रति आकर्षित गर्ने अभियानहरु सञ्चालन गर्नुपर्छ । यथार्थमा स्थानीय तहहरुको सकारात्मक क्रियाशीलता र उपलब्धिमै नेपाल र नेपालीको सुखद् भविष्य लुकेको सत्यलाई सबैले समयमै आत्मसात् गर्नुपर्छ। रासस

# हल्लैहल्ला माझ टिप्नु छ सही सूचना



रामकृष्ण रेग्मी

*“ गणतान्त्रिक युगले पाएको नेपाली आमसञ्चार माध्यमको चित्र हेर्दा गतिशील लाग्छ, परिवेश अलि पेचिलो देखिन्छ र चुनाती गम्भीर छ । तिनै आयामका माझ मिडिया उक्सिएको र प्रेस खुम्चिएको परिदृश्य मार्मिक छ । यससम्बन्धी विवेचनाले गहन शोध खोज्छ, सङ्क्षेप आलेखमा त्यो सम्भव छैन । यसैले यहाँ अवलोकन तथा अनुभवका आधारमा तिनको सरल रेखाङ्कन प्रस्तुत गर्ने प्रयास छ ।*

आमसञ्चार माध्यमले देशमा आएको परिवर्तनलाई अर्थपूर्ण पार्न, सम्बद्ध सूचना जनसमक्ष पु¥याउन र सर्वसाधारणलाई तदनुरुप व्यवहार गर्नका लागि उत्प्रेरणा भाव जगाउन निर्वाह गरेको भूमिका उल्लेखनीय छ । गणतान्त्रिक अभ्यासलाई अघि बढाउन होस् वा भूकम्पको प्रकोप बेहोर्न आवश्यक पर्ने दृढता कायम गर्न होस् वा कोभिडको महामारीलाई साहसिकरुपमा सामना गर्न सचेत रहनुपर्ने अनिवार्यतालाई सहजीकरण गर्न होस् माध्यमले योगदान दिएको स्पष्ट छ। देशमा भएका बृहत् दुई निर्वाचन शृङ्खलामा जनसहभागिता प्रवद्र्धनका लागि तिनको सूचना प्रवाहको क्रमलाई नियमित तथा निरन्तर तुल्याउन प्रस्फुटित माध्यमीय जागरण, विवेक तथा लगनशीलता पनि निकै महत्वपूर्ण छन्।

उपरोक्त चारै सन्दर्भलाई आधार गरेर नेपाली आमसञ्चारमाध्यमलाई अवलोकन गर्दा सञ्चारीय सक्षमता, समाचारीय परिपक्वता तथा वैचारिक विविधता छर्लङ हुन्छ। पत्रकारिताले समाजका लागि दिनुपर्ने योगदानलाई महसुस गरेको अनुभव जानिफकारहरुले गरेको पनि पाइन्छ। ती बेला सूचना प्र्रवाहलाई जिम्मेवारीसाथ कायम राख्न सहज थिएन, अन्योल, अस्तव्यस्तता थियो, बानी बसेको थिएन र दिशा पनि स्पष्ट थिएन । पत्रकारिताभित्रको मूल्य, मान्यता र सेवाभावले मात्र जाँगर, अठोट तथा गतिशीलतामा ऊर्जा थपेको हो।

त्यस्तै प्राथमिकताका साथ पत्रकारिता सुशासन, सामाजिक परिवर्तन, विकासक्रम, लैंगिक समानता तथा समावेशी फाँटतिर पनि क्रियाशील भएको भए अहिले यो देशको अनुहार सकारात्मक रुपमा अर्कै हुन्थ्यो भन्ने विज्ञहरुको भनाइ नसुनिएको होइन। राजनीतिक स्थिरता नभइदिंदा त्यसो हुन सकेन, प्रजातान्त्रिक संस्थाहरु सबल हुन पाएनन्, अर्थतन्त्रलाई दिगो गति लिन सकस भयो, विकासक्रम अपेक्षित स्तरमा अघि बढ्न अनेक आयामीय अप्ठेरो प¥यो। अनि त्यसको मार सञ्चार जगत, पत्रकारिता क्षेत्रमा पनि पर्न गयो जसले गर्दा सामाजिक परिवर्तनका मूल मुद्दा किनारामा पर्न गए।

**परिवेश**

गणतन्त्रका झण्डै दुई दशकमा आमसञ्चार माध्यमको परिवेश विविध दृष्टिकोणले परिवर्तन हुन पुगेको यथार्थ सर्वविदित छ । प्रविधिप्रेरित परिवर्तनले सूचना प्रवाहको शैलीदेखि लिएर माध्यमीय स्तरमा पनि आमूल उथलपुथल आएको देखिन्छ। विज्ञका अनुसार इण्टरनेट, मोबाइल फोन र सोसल मिडियाको प्रभावले आमसञ्चार माध्यमको प्रयोग, त्यसको आवश्यकता, औचित्य र महत्व छायामा परेको अनुभव हुन्छ। समाचारकक्ष, यसका मूल्य मान्यता, कार्यशैली, डेडलाइन, स्कुप, गेटकिपिङ, समाचार चक्र सबै तीबाट प्रत्यक्ष रुपमा प्रभावित हुन पुगेका छन्।

एक अर्थमा समाचार प्रवाहमा तीन धार देखापरेका छन्ः पत्रकारिताका विधिअनुरुप तयार पारिएका सामग्री, नागरिकको अभिव्यक्ति स्वतन्त्रताअनुरुप पोस्टिङ हुने भाव वा सूचना तथा सकारात्मक वा नकारात्मक खास स्वार्थ पूर्तिका लागि सिर्जना गरिएका प्रस्तुतिहरु । यिनमा कुनलाई पत्याउनु कुनलाई नपत्याउनु सर्वसाधारण प्रायः अलमलमा छन्, नीति निर्णायकहरु पनि धरमरमा देखिन्छन्, योजनाकारहरु र नेतृत्व पङ्क्तिकालाई दिशा पहिल्याउन हम्मेहम्मे परेको स्पष्ट हुन्छ । पत्रकारिताले विद्यमान परिस्थितिमा हल्ला, कुसूचना वा मिथ्या सूचनाका माझ सही सूचना पहिल्याएर सञ्चार गर्नुपर्ने आवश्यकता छ, तथ्य सत्य परीक्षणको थप चरण थपिएको छ।

मिथ्या सूचनाको जञ्जाल छिचल्न त्यति सहज छैन। विज्ञका अनुसार यस भित्रका अनेक आयामीय गलत जानकारी, भ्रामक विषयवस्तु, दुष्प्रचार, छलपूर्ण संयोजन, जालसाजीपूर्ण कोण, तोडमोड, कपटपूर्ण मोडाइ, छल आदिलाई सूचना प्रवाह क्रममा पहिल्याउन विशेष पहल पत्रकारिता क्षेत्रबाट हुनुपर्ने आजको आवश्यकता हो। सञ्चारविद्हरुले त पत्रकारले मात्र मिथ्या सूचनालाई समालेर पुग्दैन, सूचना प्रयोक्ताहरु वा माध्यम उपभोग गर्नेहरु पनि आफूले प्राप्त गरेको सूचना सही गलत के हो भन्ने विषयमा सचेत रहन जरुरी छ भन्ने स्पष्ट पारेका छन्। माध्यम साक्षर हुनु पर्ने कुरामा तिनले बारम्बार जोड दिएको पाइन्छ।

**चुनौती**

शताब्दीभन्दा बढी समयदेखि समाचारको पहिलो स्रोत भइरहेको छापालाई, कैयौं दशकदेखि महत्वपूर्ण वैकल्पिक ्रिोत भइरहेका रेडियो र टेलिभिजनलाई सोसल मिडियाले प्रस्तुत गरेको प्रतिस्पर्धालाई कसरी समालेर अघि बढ्ने भन्ने हांक चानचुने छैन । माध्यम नरहँदा पठनशीलता, श्रवणशीलता तथा दर्शनशीलताले उघारेको सभ्यता नै हराउने भय पनि नभएको होइन। त्यसको ठाउँ मनोरञ्जनशीलतामा रमाउने माध्यमले कसरी परिपूर्ति गर्ने हो, अनि राष्ट्रका, जनजीवनका गम्भीर विषयवस्तुलाई मनोरञ्जनात्मक शैलीबाट निरन्तर पेश गरिरहन कति सम्भव होला, ती आफैँमा प्रश्न भएर रहेका छन्। यसको जबाफ सहज छैन, अहिलेसम्म आएको छैन, बहस कायम नै छ।

यान्त्रिक बुद्धिले वा आर्टिफिसियल इण्टेलिजेन्स (एआई)ले मानवीय भाव, मनोगत उत्पादनशीलता, अनुभूति, मानवीय सिर्जनालाई, सिर्जनात्मकतालाई विकल्प दिएर अत्याइरहेछ । एआईले बनाएका सामग्रीबाट पत्रकारको प्रस्तुति प्रत्यक्ष चुनौतीमा छ, यस स्थितिलाई बेहोर्ने कसरी ? नेपाली आमसञ्चारमाध्यमका लागि अर्को एउटा उकालो छ।

टेक्स्ट, चित्र, बोली आदिलाई मिसाएर वा अलग पारेर वा गाँसेर अनेक प्रभाव सिर्जना गर्न सक्ने बहुमिडिया वा मल्टिमिडियाका अनेक सम्भावनाले आमसंचार जगतलाई बेग्लै ढङ्गमा विकसित गर्नेक्रम सुरु भइसकेको यथार्थलाई पनि माध्यमले बिर्सन मिल्दैन । त्यो क्रमलाई माध्यमीय सञ्चारमा कसरी समावेश गरी अघि बढ्ने भन्ने दिशातिर लाग्दा राम्रो हुने एक अभ्यासीको ठम्याइ हो। आमसञ्चार माध्यमलाई सघाउने समाचार संस्थाहरुले पनि यसै दिशातिर आफूलाई मोड्नुपर्ने अनिवार्यता छ। पाठक, स्रोता, द्रष्टा र प्रयोगकर्ता सबै आमसञ्चार माध्यमबाट अन्यत्र सर्दा गुमेको बजार र विज्ञापनको स्थानमा के ल्याउने, कस्तो आयको नमुना पछ्याउने ? अन्यत्रझै यहाँ पनि अलमल छ। युगको मागअनुरुप नचल्दा नहुने, त्यसो गर्न अहिलेसम्मका माध्यमीय परिवेश, संस्था, ढाँचा र स्तम्भ सबैमा परिवर्तन ल्याउनु पर्ने आवश्यकता छ । आमसञ्चार माध्यमको अस्तित्व नै सङ्कटमा पर्ने हो कि जस्तो अनुभव पत्रकारलाई परिसकेको छ । प्रविधिप्रेरित परिवर्तन वा डिजिटल प्रणालीले खोजेको कोणतिर नलाग्दा माध्यमीय सन्देशलाई लिनेको संख्या न्यून हुने स्पष्ट छ । माध्यमीय सञ्चारमा अबको बाटो के त ? शुरुमा चर्चित गर्व गर्न मिल्ने चित्रको आडमा परिवर्तित परिवेशलाई बुझेर विद्यमान र आइलाग्ने अरु हाँकलाई बेहोर्न सकारात्मक र सचेत भूमिका निर्वाह गर्न मल्टिमिडियाले दिएका सबै अवसरलाई प्रयोग गर्न पछि पर्न हुन्न। त्यस यात्रामा पत्रकारिताका मूल मर्म र मान्यतालाई मध्य नजरमा राख्दै सन्देशका आंधीमाझ, हल्लाबीच सत्य उपयोगी सन्देश झिकेर सरल, स्पष्ट, सङ्क्षेप, ग्रहणीयरुपमा प्रस्तुत गर्न क्रमलाई दिगो पार्दा नेपाली माध्यम युगसँगै अघि बढ्नसक्ने बाटो खुल्दै जान्छ। रासस

# पत्रकार महासंघ पर्सा कार्यालयमा तालाबन्दी

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एकीकृत समाजवादी पार्टी निकट समाजवादी प्रेस संगठन, पर्साले नेपाल पत्रकार महासंघ पर्सा शाखामा अनिश्चितकालीन तालाबन्दी गरेको छ । मापदण्ड पुगेका पत्रकारलाई सदस्यता नदिइएको र मापदण्ड नपुगेका गैर पत्रकारलाई सदस्यता वितरण गरेको भन्दै शाखाको कार्यालयमा सोमबार तालाबन्दी गरिएको हो । तालाबन्दी गर्न समाजवादी प्रेस संगठनका केन्द्रीय सचिव ब्रीजलाल पासवान, केन्द्रीय सदस्य मनोज पटेल, पर्सा जिल्ला अध्यक्ष शम्भु सुमनको नेतृत्वमा जिल्ला समितिका सदस्यहरु पुगेका थिए । महासंघले तत्काल सदस्यता सम्बन्धी सूचि नसच्याए थप संघर्षका कार्यक्रम घोषणा गरिने समाजवादी प्रेस संगठनका केन्द्रीय सदस्य पटेलले चेतावनी दिए ।

# अज्ञात समूहद्वारा विद्यालयमा चोरी



**छठु साह**
**वीरगंज ।**
पर्साको कालिकामाई गाउँपालिका वडा नम्बर २ भेडिहारीको सुकई साह माध्यमिक विद्यालयमा चोरी भएको छ ।
आइतबार राति अज्ञात समूहले विद्यालय भवनको भित्ता फोडेर पानी खाने हाते पाइप, मुडा, तीस वटा पाइप र पानी ट्यांकीको पलम्बरको सरसमान चोरी हुनुका साथै तारबार र खानेपानी ट्यांकीमा तोडफोड गरी क्षति पुर्याएको सोही विद्यालयका प्रध्यानाध्यापक शुवोद्ध चौरसियाले जानकारी दिए ।
उनका अनुसार विद्यालयबाट करिब चालिस हजार रुपैयाँ बराबरको सामान चोरी भएको छ भने हजारौ रुपैयाँ बराबारको सरसामान क्षति पुगेको छ ।
विगत केही दिनदेखि वडा नम्बर २ को भेडिहारी र टोल गदियानीमा चोरीका घटनाहरु बढेका छन् । घरको अगाडि राखिएको साइकलदेखि कृषकहरुले गाडेको चापाकलका मुडाहरु चोरेर लग्ने गरेको पीडितहरु बताउँछन् । केही अगाडि गदियानी निवासी रामबाबु साहको घरअगाडीबाट दिउँसो १२ बजेकै समयमा साइकल चोरी भएको थियो । यता १ महिना अगाडि गदियानी निवासी रामनाथ महतो कोईरी र मंशी साहको चापाकलको मुडा चोरेर लगेको पिडितहरु बताउँछन् ।
चोरीका घटनाहरु बढे पनि प्रहरीले चासो नदेखाएको उनीहरुको गुनासो गरेका छन् । नजिकै रहेको बिरन्चीवर्वा इलाका प्रहरी कार्यालय, सबैठवा प्रहरीचौकी र प्रस्तावित शशस्त्र गुलमलहावरथकरी भए पनि चोरीको घटना बढनु दुखद भएको प्रध्यानाध्यापक चौरसियाले बताए । प्रहरीले गस्ती गर्न छाडेकोले ससाना चोरीका घटनाहरु बढेको भन्ने बुझाइ भेडिहारीका बुद्धीजीवीहरुले गरेका छन् ।

# जबरजस्तीकरणीको अभियोगमा एक जना पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
जबरजस्तीकरणी गरेको अभियोगमा बाराका एक जना युवक पक्राउ परेका छन् । बाराको सिमराका एक युवक पाल्पाको रम्भा गाउँपालिका–५ स्थित होटलमा ३५ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ परेका हुन् । बारा जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ७ बस्ने २७ वर्षीय मुकेश महतोलाई रम्भाबाट प्रहरीले पक्राउ गरेको हो । मुकेशले ती महिलालाई शनिबार बेलुकी जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी ताँहु र जिल्ला प्रहरी कार्यालय पाल्पाबाट खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको जनाइएको छ । यस सम्बन्धमा आवश्यक थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# गर्मीका कारण वीरगंजमा विद्यालय बन्द

**मधेशदृष्टि**
**वीरगंज ।**
अत्यधिक गर्मीका कारण वीरगंज महानगरपालिकाले नगरक्षेत्र भित्रका विद्यालय बन्द गर्ने निणर्य गरेको छ । सोमबार बसेको महानगरको शिक्षा समितिको बैठकले महानगरभित्रका विद्यालयको पठनपाठन तीन दिन बन्द गर्ने निणर्य गरेको हो ।
पछिल्लो केही सातादेखि तराई मधेशमा बढ्दो गर्मीका कारण पठनपाठन कार्य प्रभावित भएसँगै जेठ १६ गतेदेखि १८ गतेसम्म तीन दिन विद्यालयको पठनपाठन कार्य बन्द गर्न लागिएको हो ।
वीरगंज महानगरपालिका शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्णका अनुसार अत्यधिक गर्मीको कारणले पठनपाठनमा असहज भएको भन्दै अभिभावक, विद्यार्थी र शिक्षकबाट गुनासो आएसँगै महानगर शिक्षा समितिले पठनपाठन बन्द गर्ने निणर्य गरेको हो ।
तीन दिन वर्षे बिदाबाट कट्टा हुने गरी सबै विद्यालयको प्रशासनिक कार्य गर्न÷गराउन बाधा नपर्ने गरी पठनपाठन कार्य मात्र बन्द गर्न लागेको प्रमुख कर्णले बताए ।
वीरगंज महानगरभित्र सामुदायिकतर्फ ९२ वटा र निजीतर्फ एक सय ३८ विद्यालय रहेका छन् । गत वैशाख २० गतेदेखि महानगर क्षेत्रमा बिहानीको समयमा पठनपाठन हुँदै आएको थियो ।

# विद्युत् कटौतीले समस्या

**वीरगंज ।**
औद्योगिक नगरी बारा र पर्सामा विद्युत्को माग र आपूर्तिबीच सन्तुलन नमिल्दा ट्रिपिङ (झ्याप्प–झ्याप्प) विद्युत् कटौती हुने समस्या देखिएको छ । बारा र पर्साका औद्योगिक कोरिडोरमा दैनिक तीन सय मेगावाट विजुलीको माग भए पनि अहिले दुई सय मेगावाटको हाराहारीमा मात्रै विद्युत् आपूर्ति हुँदै आएको छ । त्यसैले बेला बखतमा यहाँ विद्युत झयाप्प–झ्याप्प जाने समस्या देखिएको हो ।
नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र वीरगंजका प्रमुख अवधेशकुमार दुबे विद्युतको माग र आपूर्तिबीच सन्तुलन नहुँदा बेला बखत ट्रिपिङ हुने समस्या रहेको बताउँछन् । ‘बारा–पर्सा औद्योगिक कोरिडोरमा तीन सय मेगावाट विद्युतको माग छ’ उनले भने, ‘रक्सौल–परवानीपुर एक सय ३२ केभीको प्रसारण लाइनबाट एक सय ४० मेगावाट विद्युत भारतबाट आयात हुँदै आएको छ । अन्य ६० मेगावाट विद्युत् ११ केभीको प्रसारण लाइनबाट आपूर्ति हुँदै आएको छ ।’
प्रमुख दुबेले बारा–पर्साका औद्योगिक क्षेत्रलाई प्राथमिकताका साथ विद्युत उपलब्ध गराउँदै आएको बताए । बारा र पर्सामा अत्यधिक गर्मी बढेकाले पनि घरासयी तथा औद्योगिक क्षेत्रको विद्युतको माग अत्यधिक बढिरहेकाले पनि बेला बखतमा ट्रिपिङ हुने गरेको उनको भनाइ छ । प्रमुख दुबेका अनुसार परवानीपुर–पिलुवा एक सय ३२ केभीको डबल सर्किट लाइनको प्रसारण लाइनमध्ये एउटा लाइनको कन्डक्टर अपग्रेडको काम भइरहेको छ । ‘कन्डक्टर अपग्रेडको काम केही समयभित्रै सक्ने प्रयास भइरहेको छ । त्यसपछि वितरण लाइनमा केही सहजता आउनेछ’ उनले भने । उक्त समस्या एक महिनाभित्र समाधान हुने उनी बताउँछन् । वीरगंज वितरण केन्द्रअन्तर्गत कूल ५६ हजार ग्राहक रहेका छन् । रासस

# ‘लहान एक्पो’ मा एक करोड बढी कारोबार

**सिरहा ।**
उद्योग वाणिज्य संघ सिरहा लहानले गत चैत्र ३० गतेदेखि वैशाख १० गतेसम्म आयोजना गरेको ‘लहान एक्पोः मधेश प्रदेश अन्तर्राष्ट्रिय महोत्सव २०८०’ मा एक करोड ५९ लाख रुपैयाँभन्दा बढी कारोबार भएको छ । संघले आइतबार पत्रकार सम्मेलन गरी १० दिनसम्म चलेको महोत्सवमा एक करोड ५९ लाख ३२ हजार तीन सय ५५ रुपैयाँ कारोबार भएकामा त्यसमध्ये एक करोड ४८ लाख ५२ हजार छ सय ९९ हजार रुपैयाँ खर्च भएको जनाएको छ ।
संघका अध्यक्ष विकास सारडाले खर्च कटाएर १० लाख ७९ हजार छ सय ५६ रुपैयाँ नाफा भएको र आठ लाख ७२ हजार पाँच सय ६४ रुपैयाँ सरकारलाई राजश्व बुझाएको जानकारी दिए । महोत्सवबाट प्राप्त नाफा रकमको १५ प्रतिशत सामाजिक क्षेत्रमा खर्च गरिने नीतिअनुसार सप्तरीका अग्निपीडितलाई एक लाख रुपैयाँ रकम बराबरको सामाग्री प्रदान गरिएको र बाँकी रकम अन्य सामाजिक क्षेत्रमा खर्च गरिने पनि उनले जानकारी दिए । रासस

# काकाकुल अँधेरीगाउँ



**सुदीप राउत**
**सिरहा ।**
मर्चैया बजारबाट करिब १५ किलोमिटर उत्तर–पूर्वको चुरेफेदमा पर्छ अँधेरीगाउँ । मिर्चैया नगरपालिका–९ को यो गाउँवासीले हिजोआज धित् मरुञ्जेल पानी पिउन पाएका छैनन्, त्यो पनि महिनौँसम्म । खडेरी लम्बिएको छ । खोला, इनार र कुवा सुकेका छन् । त्यसैले अझै कति दिनसम्म यस्तो नियती भोग्नुपर्ने हो टुङ्गो छैन ।
पानीबिनाको जिन्दगी कल्पना पनि गर्न सकिँदैन तर यहाँका नागरिकले यतिबेला पानीकै लागि तीनै तहका सरकारसँग गुहार मागिरहेका छन् । ‘एक महिना अघिसम्म नजिकैको इनारमा धमिलै भए पनि पानी रसाउँदै थियो, अहिले त्यो पनि सुकिसकेको छ । अब के पीएर बाँच्ने, कहाँबाट पानी किनेर ल्याउने’ स्थानीय शोभा लकान्द्रीले भन्छिन्, ‘हामी बाउआमा त भोकप्यास सहुँला तर छोराछोरीले काकाकुल भएर पानी माग्दा के दिनु ? अब पानीबिना तड्पिनुपर्ने अवस्था आउँदैछ ।’ कयौँ दिन खाना पकाउनका लागि आवश्यक धमिलो पानीसमेत नभएर चियामै बालबच्चालाई भुलाएको र आफूहरु भोकै बसेको पीडा उनले सुनाइन् ।
अँधेरीगाउँमा ३६ परिवार बसोबास गर्छन् । खानेपानीको चरम अभाव यहाँको साझा समस्या हो तर समस्या टार्न स्थानीय सरकारको ध्यान जानसकेको छैन । स्थानीय वीरेन्द्रकुमार यादवले खानेपानी अभाव पूर्तिका लागि स्थानीय युवाले नजिकैको चोहर्वाबाट ट्र्याक्टरमामार्फत पानी ल्याउने गरेको सुनाए । ‘हामीले बेलाबेला चोहर्वाबाट खानेपानी ल्याउँछौँ । त्योबेला पानीका लागि स्थानीयले गरिरहेको लुछाचुडी देखेर सामाजिक सञ्जालमा अन्य देशमा देखेका दृश्य झल्झली आँखामा नाच्छन्’, यादव भन्छन्, ‘यहाँका बालबालिका आफ्ना अभिभावकलाई अघाउञ्जेल खाने गरी धेरै पानी माग्न गरेको बिलौला सुन्दा त निकै भावुक बनाउँछ ।’
यादवका अनुसार चोहर्वाका केही युवाले तीन हप्तादेखि बेलाबेला पानी वितरण गरिरहेका छन् तर आर्थिक अभावका कारण सधैँ यसरी वितरण गर्ने अवस्था छैन । ‘जनप्रतिनिधिले गर्नुपर्ने काम हामीले गरिरहनुपरेको छ । यस विषयमा जनप्रतिनिधिसँग कुरा नगरेका पनि होइनौँ तर उहाँहरुले समस्या समाधानका लागि चाँचो राख्नुभएको छैन । उहाँहरूले चाहेमा हामीले गरेजस्तै पानी वितरण गर्न सकिन्छ नि !’ यादवले गुनासो गरे ।
स्थानीय बुद्ध लामाले आफूहरुलाई चुरेवासीले बर्सेनी भोगिरहेका समस्याबारे चुनाव र त्यसपछि बारम्बार जानकारी गराउँदा पनि बेवास्ता भइरहेको बताए । ‘पानीको समस्या समाधान होला, खानेपानी आयोजना बनाउँलान् भनेर गाउँलेवासीले सल्लाह गरेरै भोट हाल्छौँ । यसपटकको स्थानीय चुनावमा पनि त्यही गर्यौं तर चुनाव जितेको झण्डै दुई वर्ष बितिसक्दा पनि हाम्रो समस्या समाधान भएन । हिउँदयाममा अघाउञ्जेल पानी खान नपाउने अवस्था कायमै छ’ लामाले भने । उनले गत हप्ता वडा, नगरपालिका र जिल्ला प्रशासन कार्यालयमा खानेपानीको अभावबारे जानकारी दिँदै अस्थायी व्यवस्था गर्न आग्रह गरिएको जानकारी दिए । उनले अगाडि थपे, ‘वडा र नगरमा जाँदा बोरिङ आउँदै छ भन्छन् तर कहिले आउने हो टुङ्गो छैन । हामी निमुखाको आवाज कसले सुन्छ र हजुर !’
अँधेरीगाउँको समस्या समाधानका लागि नगरपालिकाले ‘डिपबोरिङ’ गाड्ने भन्ने थालेको पनि धेरै भइसकेको छ । स्थानीयले चालु आर्थिक वर्षमा पनि त्यस्तो योजना रहेको सुनिरहेका छन् तर हालसम्म पनि कार्यान्वयनको सुरसार छैन । वडाध्यक्ष दिनेशकुमार मण्डल र नगरपालिकाको नेतृत्व यहाँको समस्याबारे बेखबर छैन । वडाध्यक्ष मण्डलले स्थानीयको समस्याबारे आफू जानकार रहेको र समस्या समाधानका लागि पहल गरिरहेको बताउँछन् । ‘योभन्दा पहिले त्यस गाउँको बीचमा पर्नेगरी एउटा हाते बोरिङ लागाउन खोजेकै हो तर स्थानीयबीचको विवादले सम्भव भएन’, अध्यक्ष मण्डलले भने, ‘ठूला योजना वडाको स्रोतसाधनले कार्यान्वयन गर्न सकिँदैन । यसवर्ष नगरबाट हाम्रो वडाका लागि तीनवटा डीपबोरिङ् दिने कुरा छ, त्यसमध्ये पहिलो प्राथमिकतामा अँधेरीगाउँ नै छ ।’ उनले नजिकै रहेका रामपुरा, सुन्दरपुर र ननुवाको बिचभागमा अवस्थित कमलदहमा पानीको सतह घटेर आसपासका बस्तीमा पानीको समस्या देखिएको र अब एकीकृतरूपमा समस्या समाधानको पहल गर्नुपर्ने बताए ।
नगरप्रमुख श्रवणकुमार यादवले केही दिनदेखि पानी वितरण भइरहे पनि दीर्घकालीनरूपमा समस्या समाधानका लागि पहल गर्ने बताए । उनले वैकल्पिक व्यवस्था नहुँदासम्म आफ्नो नगर क्षेत्रका जनतालाई पानी ओसारेर वितरण गर्ने प्रतिवद्धता व्यक्त गरे । ‘नगरपालिकाले ७० लाख रुपैयाँको लागतमा तीनवटा डिपबोरिङ योजना यसै आवमा सम्पन्न गर्ने लक्ष्य राखेको छ, त्यसका लागि प्राविधिक अध्ययन गरिरहेका छौँ’, नगरप्रमुख यादवले भने, ‘अँधेरीलगायत पानीको चरम अभाव रहेका क्षेत्रलाई प्राथमिकतामा राखेर योजना अगाडि बढाउने छौँ ।’
पानीका सतह गहिरिँदै जाँदा ठूला डिपबोरिङ् पनि असफल भइरहेकाले त्यसको विकल्पका बारेमा योजना बनाउनुपर्ने जानकारहरू बताउँछन् । नगरप्रमुख यादव भने ठूला योजना सञ्चालन गर्न नगरको आर्थिक स्रोतले नभ्याउने भएकाले सङ्घीय सरकारले सहयोग गर्नुपर्ने बताउँछन् । ‘डिपबोरिङ पनि खानेपानी समस्या समाधानकको दीर्घकालीन उपाय होइन भन्ने कुरा अन्य ठाउँका अभ्यासले देखाइसकेको छ । त्यसैले चुरे संरक्षणका साथै यहाँका नदीनालामा ड्याम लगाएर पानी सञ्चित तथा स्थानीयलाई आपूर्तिका लागि तीनै तहका सरकारले एकीकृत योजना बनाएर कार्यान्वयनको विकल्प छैन’ उनले अगाडि भने । रासस


बरहथवा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश, नेपाल

**बरहथवा नगर क्षेत्र भित्रका घर धुरी, पसल, उद्योग, व्यवसाय तथा संस्थातगत क्षेत्रबाट निस्कने फोहरजन्य पदार्थ संकलन तथा व्यवस्थापन गर्ने कार्यको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी बरहथवा नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०८०/०२/१५)**

नगरपालिका क्षेत्र भित्र विगतका वर्षमा परम्परागत तरिकाबाट संकलन गर्दै आएको छ । नगरपालिकाले आ.व. २०८१/०८२ देखि एकीकृत फोहर व्यवस्थापन शुल्कमा आधारित फोहर संकलन सेवा संचालन गर्न खोजिएको छ । हालै नेपाल सरकारले कार्यान्वयनमा ल्याएको फोहरमैला व्यवस्थापन ऐन, २०६८ तथा वातावरणमैत्री स्थानीय शाखा प्रारुप २०७० बमोजिम फोहरमैलालाई प्राथमिक चरण देखि नै जैविक तथा अजैविक फोहर वर्गीकरण सहितको संकलन सेवालाई प्रभावकारी बनाउने, नगरपालिकाले तोकिएको स्थानमा कम्पोष्ट केन्द्र, दोस्रो चरणको फोहर वर्गीकरण नमूना क्षेत्र संचालन तथा व्यवस्थापन तथा अन्तिम चरणमा फोहर विर्सजन केन्द्रको व्यवस्थापन गर्ने कार्यको लागि नगरपालिकाले तोकिदिए अनुसारको सेवा शुल्क उठाउन पाउने गरि आ.व. २०८१/०८२ देखि ५ वर्षको लागि व्यवस्थापन करार अन्तर्गत ३५ दिन भित्र आफूले व्यवस्थापन गर्न चाहेको सेवा, शर्त तथा सुविधा सहित देहाय बमोजिमको विवरण खुल्ने गरी विस्तृत कार्ययोजना सहितको प्राविधिक तथा वित्तीय प्रस्ताव यस नगरपालिकाको कार्यालयमा आइपुग्ने गरी शिलबन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

**देहाय**

१. दरभाउ-पत्र बरहथवा नगरपालिका क्षेत्रभित्रका घर, उद्योग, प्रतिष्ठान, व्यवसाय, संघ/संस्थाहरुबाट उत्पादन हुने फोहरमैला संकलन गरी एकीकृत फोहरमैला व्यवस्थापनको कार्य ढाँचा पेश गर्नुपर्ने छ ।
२. एकीकृत फोहरमैला व्यवस्थापन अन्तर्गत फोहरमैलाको संकलन, वर्गीकरण, पुनः प्रयोग तथा पुनः चक्रणयोग्य, फोहरको व्यवस्थापन, जैविक फोहरबाट प्राङ्गारिक मल उत्पादन गर्ने कार्य सहित हानिकारक फोहरहरु नगरपालिकाले निर्दिष्ट गरेको मापदण्ड र स्थानमा विसर्जन गर्ने समेतको विस्तृत प्रस्ताव पेश गर्नुपर्ने छ ।
३. दरभाउ-पत्रदाताले संस्थाको नाम, ठेगाना, सम्पर्क नं, कानून बमोजिम दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्र सहित फोहरमैला व्यवस्थापन योजना कार्यान्वयन सम्बन्धी आर्थिक र प्राविधिक प्रस्ताव एवम् पूर्वाधार निर्माण र सञ्चालन सम्बन्धी अनुभव प्रष्टसंग उल्लेख गर्नुपर्ने छ ।
४. दरभाउ-पत्रमा फोहरमैला व्यवस्थापनको कार्यढाँचा, संगठन संरचना, कार्य सञ्चालन प्रणाली लाभ-लागत तथा जोखिम विश्लेषण, सेवा सञ्चालन प्रक्रिया, नगरपालिकाले निर्वाह गर्नुपर्ने भूमिका, कुनै शुल्क/दस्तुर लगाउने भए सो सम्बन्धी अधिकतम र न्यूनतम शुल्क विवरण आदि उल्लेख गरी पेश गर्नुपर्ने छ ।
५. प्रस्ताव कार्यान्वयनको सीमा अवधी ५ (पाँच) वर्षको हुने छ । तर बढीमा १ (एक) वर्षको परिक्षणकाल हुनेछ । त्यस पछि पनि नगरपालिकालाई उपर्युक्त लागेमा बढीमा ४/४ वर्षको लागि म्याद थप गर्दै जानेछ ।
६. दरभाउ-पत्र यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिनको १२:०० बजे यस कार्यालयमा दर्ता भइसक्नु पर्नेछ । शिलबन्दी भोलिपल्ट दिनको ११:०० बजे संस्थाका प्रतिनिधिहरुको रोहबरमा उक्त प्रस्ताव खोलिनेछ । तर शिलबन्दी दर्ता गर्ने एवम् खोल्ने अन्तिम दिन सार्वजानिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
७. संस्थाको जनशक्ति, मेशिनरी साधन उपकरण तथा अन्य संस्थागत क्षमता र संस्थाको कार्यक्षमता विवरण पेश गर्नुपर्ने छ ।
८. म्याद भित्र दर्ता हुन आएका दरभाउ-पत्रहरुलाई मात्र समावेश गरिनेछ । साथै स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहनेछ ।
९. थप जानकारीको आवश्यकता भएमा बरहथवा नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

बरहथवा नगरपालिका

# वीरगंजलाई आर्थिक राजधानी घोषणा गर्न माग




**मधेशदृष्टि**
**वीरगंज ।**
प्रभु साह नेतृत्वको आम जनता पार्टीले वीरगंजलाई आर्थिक राजधानी घोषणाको मागसहित पर्सा जिल्ला भेला गर्ने भएको छ । आम जनता पार्टी जिल्ला कार्यसमिति पर्साले सोमबार वीरगंजमा पत्रकार सम्मेलन गर्दै जिल्ला भेलाबारे जानकारी गराएको हो । पर्सा जिल्लाको विरासत रक्षा एवं विकास गर्दै उद्योगधन्दा, कलकारखाना, व्यापार व्यवसाय, सुक्खा बन्दरगाह आदिलाई थप नयाँ उचाईमा पुर्याउन वीरगंजलाई आर्थिक राजधानी घोषणा गर्नुपर्ने माग आजपाले अघि सारेको छ । पत्रकार सम्मेलनमा आजपा पर्साका इन्जार्ज कदम रसुलले देशको समग्र अर्थतन्त्र तथा रोजगारीको क्षेत्रमा महत्वपूर्ण योगदान गर्दै आएको विरगंजलाई देशको आर्थिक राजधानी घोषण गर्नुपर्ने बताए । साथै उनले वीरगंजवासी सधै करबाट मात्रै थिचिएको तर वीरगंजको विकास हुन नसकेकोले करमुक्त वीरगंज बनाउने पार्टीको मिशनसमेत रहेको बताए । पत्रकार सम्मेलनमा आजपाका केन्द्रीय सचिव बाबुराम कौशिकले वीरगंजको नारायणी अस्पताल, चिनी मिललगायतका क्षेत्रमा सुधारको खाँचो रहेको औल्याए । पर्साबाट निर्वाचित भएर सांसददेखि मन्त्रीसम्म बनेकाहरुले यहाँको विकासका लागि केही काम गर्न नसकेकोमा उनले प्रश्न उठाए । सो क्रममा सचिव कौशिकले आजपाले देशका ७७ वटै जिल्लामा संगठन विस्तार गर्ने काम गर्दै आइरहेको बताए । साथै उनले पछिल्लो समय आजपाले ७ वटै प्रदेशमा लुटतन्त्रको भण्डाफोर अभियान चलाइरहको जानकारीसमेत दिए । कार्यक्रममा आजपाका मधेश प्रदेश अध्यक्ष उमेश कुशवाहले वीरगंजलाई आर्थिक राजधानी घोषणाको मागसहित जिल्ला भेलाको आयोजना गर्न लागेको जानकारी दिदै भेलामा सहभागीका लागि सबैलाई अपिल गरे । सरकारले वीरगंजलाई आर्थिक राजधानी घोषणा गरी सोही अनुरुप बजेटको व्यवस्था गर्नुपर्ने उनले बताए । विकासको गतिमा पर्सा जिल्ला पछाडि परिरहेकोले पर्साको विकासलाई आजपाले आफ्नो एजेण्डा बनाएको उनको भनाइ थियो ।आजपाले वीरगंजलाई आर्थिक राजधानी घोषणाको लागि यही जेष्ठ १६ गते टाउन हलमा जिल्ला भेलाको आयोजना गरेको छ ।

### आजपाद्वारा त्रिजुद्धमा अनुगमन

आम जनता पार्टी (आजपा)ले पर्साको वीरगंजस्थित त्रिजुद्ध माविमा अनुगमन गरेको छ । विद्यार्थीको अनुपातमा शिक्षकको अवस्था बुझ्न सोमबार वीरगंजको श्री त्रिजुद्ध माध्यमिक विद्यालयको अनुगमन गरेको आजपाले जनाएको छ । झण्डै ५ हजार विद्यार्थी संख्या रहेको विद्यालयमा शिक्षक दरबन्दी जम्मा ५३ जनाको मात्र रहेको छ । अनुगमनका क्रममा त्रिजुद्ध जस्तो ऐतिहासिक विद्यालयमा यस्तो दुःखदायी अवस्था छ भने अरु ग्रामीण र नयाँ विद्यालयको अवस्था के होला भन्ने प्रश्न उठेको आजपा अध्यक्ष प्रभु साहले बताए ।

# मेयर गोल्ड कप प्रतियोगिता हुने




**मधेशदृष्टि**
**कलैया ।**
महागढीमाई नगरपालिका–५ बगरमपुरमा मेयर गोल्ड कप फुटबल प्रतियोगिता आयोजना हुने भएको छ । लियो क्लब अफ गंजभवानीपुरको आयोजनामा हुने प्रतियोगितामा स्थानीय क्लबसहित बारा, पर्सा, रौतहट, सलार्ही लगायतका ठाउँबाट आठ वटा टिमको सहभागिता रहने क्लबका अध्यक्ष चन्दन कुमार सोनारले बताए ।

नगरपालिका र वडा कार्यालयबाट प्राप्त सहयोग राशीबाट प्रतियोगितामा प्रथम हुने टिमलाई नगद एक लाख रुपैयाँ र दोस्रो हुने टिमलाई नगद ५० हजार रुपैयाँका साथै शिल्ड, मेडल र प्रमाणपत्र वितरण गरिने आयोजकले जनाएको छ । यसैगरी विभिन्न विद्यामा उत्कृष्ट हुने खेलाडीहरुलाई नगदसहित शिल्ड र प्रमाणपत्र पाउने व्यवस्था गरिएको छ । महागढीमाई नगरपालिका–५ बगरमपुर स्थित बौद्धीमाई रंगशालामा जेठ १९ गते दिउँसो साढे ३ बजे उद्घाटन खेल हुनेछ । पालिकालाई खेलको माध्यमले चिनाउने उदेश्यले प्रतियोगिता संचालन गरिएको वडा अध्यक्ष गजेन्द्र प्रसाद जयसवालले बताए ।

# विकल पौडेल दोस्रो पटक भ्रष्टाचारी ठहर

**मधेशदृष्टि**
**वीरगंज ।**
विशेष अदालतले सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशकबाट बर्खास्तीमा परेका विकल पौडेललाई दोस्रो पटक भ्रष्टाचारी ठहर गरेको छ । न्यायाधीश टेकनारायण कुँवर र सदस्यहरु रामबहादुर थापा र रितेन्द्र थापाको इजलासले झुटा विवरण पेश गरी लाभ लिएको आरोपमा भ्रष्टाचारी ठहर गरेको हो । विशेष अदालतले उनलाई ६ महिना कैद र १० हजार रुपैयाँ जरिवाना हुने फैसला गरेको हो । उनीमाथि झुटा विवरण पेश गरेर सचिव सरहको पद लिएको आरोपमा थप ६ महिना कैद सजाय तोकेको छ । अख्तियारले ९ वैशाख, २०८१ मा पौडेलमाथि अमेरिकाको स्थायी आवास अनुमतिपत्र(पीआर) लिएको अवस्थामा त्यसलाई लुकाई नेपालमा सार्वजनिक पदमा नियुक्ति लिएको आरोपमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

# गण्डकीका मुख्यमन्त्री पदमुक्त पाण्डेलाई नियुक्ति गर्न परमादेश

**मधेशदृष्टि**
**वीरगंज ।**
सर्वोच्च अदालतले गण्डकीका मुख्यमन्त्री खगराज अधिकारीलाई पदमुक्त गरेको छ । सर्वोच्चले गण्डकी प्रदेशसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डेलाई मुख्यमन्त्री नियुक्त गर्न परमादेश दिएको छ ।

६० सदस्यीय गण्डकी प्रदेश सभामा सभामुख कृष्णप्रसाद धितालले ३० जनाको समर्थनमै मुख्यमन्त्री खगराजले विश्वासको मत पाएको घोषणा गरेका थिए । जबकी संविधान अनुसार ३१ प्रदेशसभा सदस्यले समर्थन गर्नुपर्ने थियो । सभामुख प्रयोग भएर खगराजलाई विश्वासको मत दिलाएपछि पाण्डे सर्वोच्च गएका थिए । सर्वोच्चका न्यायाधीश कुमार रेग्मी र सुनील पोखरेलको इजलासले खगराजलाई पदमुक्त गर्दै ठूलो दलको हैसियतमा सुरेन्द्रराज पाण्डेलाई मुख्यमन्त्री नियुक्त गर्न परमादेश जारी गरेको हो ।

# गणतन्त्र विश्वमै लोकप्रिय र उत्कृष्ट व्यवस्था होः डा राउत

**काठमाडौँ ।**
*जनमत पार्टीका अध्यक्ष एवम् प्रतिनिधिसभा सदस्य डा चन्द्रकान्त (सिके) राउत सिके राउतले सामान्य नागरिक राष्ट्र प्रमुख बन्न सक्ने गणतान्त्रिक व्यवस्था विश्वकै लोकप्रिय र उत्कृष्ट व्यवस्था रहेको बताएका छन् । उनले जनताबाट आफ्ना जनप्रतिनिधि चयन हुने सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली धेरै सुन्दर राजनीतिक व्यवस्था रहेको प्रतिक्रिया दिए । मधेशको वैकल्पिक राजनीतिक शक्तिका रुपमा उदाएका डा राउत २०७५ फागुनमा नेपाल सरकार र तत्कालीन स्वतन्त्र मधेश गठबन्धनबीच ११ बुँदे सम्झौतापछि मूलधारको राजनीतिमा प्रवेश गरेका हुन् । पुलचोक इन्जिनियरिङ क्याम्पस, टोकियो र क्याम्ब्रिज विश्वविद्यालयमा अध्ययन पूरा गरी अमेरिकामा वरिष्ठ वैज्ञानिकका रुपमा केही समय काम गरेर स्वदेश फर्केपछि उनी राजनीतिमा संलग्न भए । त्यसक्रममा उनले पटकपटक जेलमा बस्न परेको थियो । प्रस्तुत छ, अध्यक्ष डा राउतसँग १७ औँ गणतन्त्र दिवसका अवसरमा राष्ट्रिय समाचार समितिका समाचारदाताद्वय नारायण न्यौपाने र सिवी अधिकारीले देशको वर्तमान अवस्था र समसामयिक विषयसँग जोडेर लिएको अन्तर्वार्ताको सम्पादित अंशः*



**यहाँले पहिला भूमिगत राजनीति गर्नुभयो र अहिले संसदीय अभ्यासमा हुनुहुन्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको डेढ दशकको अभ्यासलाई कसरी हेर्नुभएको छ ?**

मुलुकले अवलम्बन गरेको हालको व्यवस्थालाई धेरै सकारात्मक रुपमा लिन्छु । गणतान्त्रिक व्यवस्था विश्वकै लोकप्रिय र उत्कृष्ट शासन व्यवस्था हो । नेपालले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अवलम्बन गरिरहेको छ । जनताबाटै जनप्रतिनिधि चुनिएर आउने व्यवस्था छ । सामान्य नागरिक जुनसुकै वर्ग समुदायको भए पनि राष्ट्र प्रमुख बन्न सक्ने यो धेरै सुन्दर व्यवस्था हो । हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उच्चतम् अभ्यासमा छौँ, तर पनि संविधानले सुनिश्चित समानुपातिक समावेशीलगायतका कतिपय प्रावधान कार्यान्वयन भएका छैन, यसलाई कसरी व्यावहारिक बनाउन सकिन्छ ? नेपालको संविधानमा धेरै सकारात्मक विषय सम्बोधन भएको छ । महिला हक अधिकारको विषयमा एक तिहाइको अभ्यासमै सुनिश्चितता भएको छ । यो संसददेखि स्थानीय तहसम्म हेर्न सकिन्छ । समानुपातिक समावेशिताको सुनिश्चितले महिला, दलितको प्रतिनिधित्व हुनु सकारात्मक पक्ष हो । पुरानो ऐन समसापेक्ष बनाई प्रभावकारी कार्यान्वयन गरेर लैजानुपर्छ । ऐनहरु संशोधन गर्न बाँकी रहेकाकाले कार्यान्वयनको पाटो केही विलम्ब भएको छ । तर, पनि सकारात्मक दिशामा अगाडि बढिरहेको छ ।

**संविधान र सङ्घीयता कार्यान्वयनका लागि कानून निर्माण रफ्तारमा हुनुपर्थ्यो त्यो देखिंदैन । यसमा कहाँ कमजोरी देख्नुहुन्छ ?**

मैले भर्खरै सरकारलाई समर्थन दिएको छु । तर, सरकारमै सहभागी भइसकेको अवस्था छैन । संसदमा 'विजनेश' प्रभावकारी नहुनुका पछाडि मुख्ख जिम्मेवारी सरकारकै हो । सरकारको विधेयक बनाउने र सदनमा पेस गर्ने काम हो । सरकारले धेरै विधेयक सदनमा पठाउने र सदनले त्यसमाथि गहन छलफल गरी पारित गर्नुपर्छ । सरकार गठबन्धन रहेकाले अस्तित्वका लागि परीक्षित हुनु परिरहेको छ । सरकारले यी विषयहरुमा पर्याप्त ध्यान दिन सकेको छैन । तत्कालै जनताको सरोकारको विषयलाई सम्बोधन गर्न सकिएको छैन । सङ्घीय र प्रदेश दुबै सरकार बनाउन र भत्काउनमै बढी समयकेन्द्रित भएको देखिन्छ ।

**गठबन्धन बदलिने र 'छिटोछिटो' सरकार अदलबदल हुने अवस्था छ । सरकार गठन र विघटनसँगै तराई–मधेश केन्द्रित राजनीतिक दलमा पनि विभाजनको अवस्था आएको देखिन्छ, यसलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

यसमा तपाईंले भनेजस्तै गठबन्धन संस्कृतिले सरकार कसरी टिकाउने र आफ्नो पक्षमा कसरी पार्ने भन्ने अस्वस्थ्य प्रतिस्पर्धा चलिरहेको छ । अर्को पाटो संसद्बाटै मन्त्री बन्ने प्रावधान छ । मन्त्री बन्न नपाउनेले असन्तुष्टि देखाएर पार्टी विभाजन गरेको अवस्था पनि छ । विगतमा पनि यस्तो अभ्यास भइरह्यो । मूल तीन पार्टीबाहेकका नेता कार्यकर्ताहरुले धेरै लामो समयको लागि सोच्दैनन् । काँग्रेसका एमालेमा, एमालेको काँग्रेसमा जाने अवस्था हुँदैन । तर तुलनात्मकरुपमा साना दल कहिले कता कहिले कता गइरहेको देखिन्छ ।

**राजनीतिक स्थिरताको हिसाबले यहाँको पार्टी अरु दलभन्दा फरक भूमिकामा छ । यो हिसाबले अरु दलभन्दा फरक भूमिका र कार्यसूची के छ ?**

हामी सङ्घीयताको पक्षधर लोकतान्त्रिक गणतान्त्रिक शक्ति हौँ । अहिले गणतन्त्र दिवस आइरहेको छ । हामी पनि मनाउछौँ । सोही दिवस पारेर हामी पनि नौलो गणतन्त्रको घोषणा गर्दैछौँ । नौलो गणतन्त्र भनेको अहिले पनि गणतन्त्र छ तर, त्यसमा केही विकृति र कमी कमजोरी छन् । उदाहरणका लागि, राष्ट्रपति र प्रधानमन्त्री, मुख्यमन्त्री सिधै जनताबाट निर्वाचित हुने अवस्था छैन । अहिलेको राजनीतिक अस्थिरता हटाउन प्रत्यक्ष निर्वाचित कार्यकारी हुनुपर्छ भन्ने हाम्रो पार्टीको धारणा छ । यो व्यवस्था भएमा सरकार पाँच वर्ष ढुक्कसँग चलाउन सकिन्छ । व्यवस्थापिकामा ठूला तीन दलको नेताको निर्णय सबैले मान्न परेको छ । त्यसले सांसदको औचित्यमाथि नै प्रश्न उठिरहेको छ । संसद र संसदीय समितिमा पार्टीको त्यहाँ ह्वीप लागू नहुने व्यवस्था हुनुपर्छ । जसले सांसदहरुले स्वतन्त्र रुपमा विधेयकको पक्ष र विपक्षमा विचार विमर्श गर्न सक्छन् । संवैधानिक निकायमा सरकारले पदाधिकारी नियुक्ति गर्ने व्यवस्था छ । जसबाट निशपक्ष काम गर्न सक्दैनन् । संवैधानिक निकाय निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकलगायत निकायमा पनि दक्ष निर्वाचित व्यक्ति आउनुपर्छ । अनि ती निकायले स्वतन्त्र र निशपक्ष ढङ्गले काम गर्न सक्छन् । आर्थिक नीतिमा पनि हामीले 'डिपार्चर' खोजेका छौँ । अहिले राप्रपाबाहेकका दलले समाजवादलाई स्वीकारेका छन् । राष्ट्रिय पुँजी निर्माण नगरेसम्म समाजवादले सार्थकता पाउँदैन भन्ने हाम्रो पार्टीको निश्कर्ष हो ।

**सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न र व्यवस्थालाई समृद्ध तुल्याउन यहाँको केही सुझाव छ कि ?**

अस्थिर सरकार, भ्रष्ट्राचार र आर्थिक नीति प्रभावकारी नहुँदा उत्पादनमूलक उद्योग र रोजगारी सिर्जना गर्न सकिएको छैन । जनतामा चरम निराशा छ । यो व्यस्थालाई थप सुदृढ गरेर अगाडि बढ्न सकिन्छ । त्यसतर्फ सबै जिम्मेवार भएर लाग्नुपर्छ । जनतामा यो आशा भएन भने देशमा अराजकता र नैराश्यताले जरा गाड्छ ।

**हामी गणतन्त्रको अभ्यासमा छौँ, सरकार र दलका निर्णयमा नातावाद र क्रिपावाद चलिरहेको छ । यसलाई कसरी हटाउन सकिन्छ ?**

जनतामाथि पूर्ण विश्वास र भरोसा कायम गर्न जरुरी छ । सबै राजनीतिक दलमा इमान्दारिता हुनुपर्छ । जनआकांक्षा अनुरुप अगाडि बढ्नुपर्ने हुन्छ । 'कन्फ्लिक्ट अफ इन्ट्रेस' कतै पनि देखिनुहुन्न ।

**यहाँ तराई–मधेसको जिम्मेवार राजनीतिक दलको अध्यक्ष हुनुहुन्छ । अहिले भइरहेको गलत अभ्यासलाई कसरी हटाउन सकिएला ?**

हामी जहिले पनि जनतामाथि भरोसा गर्छौं । निर्वाचनमार्फत पार्टीका पदाधिकारी चयन गरेका छौँ । अन्य दलले पनि यो अबलम्बन गर्न जरुरी छ । यो विधि र प्रक्रियाबाट मात्र जनआकाङ्क्षाअनुरुप काम गर्न सकिन्छ ।

**अहिलेको अवस्थामा जनतालाई आशा जगाउने कुनै ठोस योजना घोषणा गर्दै हुनुहुन्छ कि ?**

मधेश प्रदेश समृद्ध मानिए तापनि अहिलेको अवस्था विकराल छ । सबैभन्दा बढी गरिबी त्यहीँ छ । साक्षरता दर पनि कम छ । अथवा अन्य आँकडामा पनि मधेश पछाडि परेको देखिन्छ ।

हामीले केही सुधारका योजना अगाडि बढाउन पहल गरिरहेका छौँ । हामीले शिक्षा मन्त्रालय सम्हाल्दा प्रदेश साक्षरता अवधारणा अगाडि बढाइयो । हामीसँग योजना र भिजन छ, मौका पाएको खण्डमा शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका सवाललाई प्रभावकारीरुपमा अगाडि बढाउने र किसानमैत्री वातावरण बनाउन पहलकदमी लिन्छौँ ।

**सन्तुलित बजेट विनियोजन गर्ने र त्यसमा भइरहेका गलत अभ्यासलाई रोक्न तपाईंको सुझाव केही छ कि ?**

बजेट बनाउदा कमजोरी हुने गरेको छ । वितरणमुखी र सबैलाई खुसी पार्ने खालको अभ्यास छ, यो प्रक्रियामा थुप्रै असमानता छन् । यो अभ्यासलाई सच्याउनुपर्छ । उत्पादनमुखी काम र पूँजीगत खर्च बढाउने गरी बजेट विनियोजन गरिनुपर्छ । धेरै ठाउँमा कनिका छरेजस्तो बजेट ल्याउनुभएन । लगानी भएर प्रतिफल सुनिश्चित हुने आयोजनामा बजेट व्यवस्था गर्नुपर्छ । त्यसैले रोजगारी सिर्जना गर्ने खालका योजनाहरुलाई विशेष प्राथमिकता दिनुपर्छ भन्ने हाम्रो पार्टीको जोड छ ।

**अहिले युवा, विद्यार्थीको विदेश पलायनले राज्यप्रति नै विश्वास गरिरहेको अवस्था देखिन्न किन ? यो अवस्थालाई अन्त्य गर्न के उपाय हुनसक्छ ?**

नागरिक जबसम्म आत्मनिर्भर बन्न सक्दैन, तबसम्म राष्ट्रवादले मात्रै जीविकोपार्जन हुँदैन । त्यसैले विदेसिनुलाई बाध्यताको उपजको रुपमा लिनुपर्छ । त्यसैले म विदेसिनुलाई नकारात्मक ठान्दिन । उनीहरुलाई यहीँ रोक्ने हो भने नेपालमा प्रसस्त रोजगारी सिर्जना गर्ने, उत्पादनशील क्षेत्रमा लगानी बढाउनुपर्छ र जनतामा विश्वास जगाउनसक्नुपर्छ ।

**मुलुकमा भइरहको भ्रष्टाचार रोक्न र सुशासन प्रवद्र्धन गर्ने तपाईको सुझाव र पहल के हुन सक्छ ?**

नेपालमा भ्रष्टाचारलाई समाजबाट बहिस्कृत गर्नेभन्दा पनि उनीहरुलाई प्रोत्साहित गर्ने स्वीकार्यता बढी छ । सानो या ठूलो भ्रष्टाचारमा धेरै मानिस मुछिएका छन् ।

छानबिन हुने हो भने सबैजसो पर्छन् । तर यसको स्वतन्त्र अनुसन्धान गर्ने निकायको खडेरी छ । तीन तहका सरकारमा देखिएको साझा अधिकारले पनि भ्रष्टाचार बढेको र सुशासन खस्केको अवस्था छ । अभियुक्तलाई उन्मुक्ति दिने गलत अभ्यासले यसलाई थप मलजल गरिरहेको छ ।

**जनमत पार्टीले पहिलो पटकमै राम्रो जनमत पाएको छ । तपाईहरु अझै मधेश प्रदेशमा मात्रै सीमित हुनुहुन्छ, राष्ट्रियरुपमै सङ्गठन विस्तारमा ध्यान केन्द्रित गर्ने बेला भएन र ?**

हामी मधेशमा मात्रै केन्द्रित छैनौँ । हाम्रो जनाधार तराई–मधेशकेन्द्रित २२ जिल्ला छन् । त्यहीँबाटै हाम्रो उदय भयो । २०७२ को संविधान बनिसकेपछि धेरै कुरा व्यवस्थित भएको छ । त्यसैले हामी मूलधारबाटै अगाडि बढ्ने उद्देश्यले संसदमा आएका हौँ । अहिलेको एजेण्डालाई राष्ट्रव्यापीरुपमै कसरी समाधान गरेर लैजाने भनेर लागिपरेका छौँ । पहाड र काठमाडौँ उपत्यकामा पनि शक्ति विस्तार गरिरहेका छौँ ।

**जनतामा व्यवस्थाप्रति निराशा पलाएको देखिन्छ । कारण के हो र ? आशाको सञ्चार कसरी ल्याउन सकिन्छ ?**

व्यवस्था खराब हैन अवस्था चाहिँ खराब भएको छ । यो व्यवस्था उत्कृष्ट व्यवस्था हो । व्यवस्थाको दोष हैन । पात्रहरुको दोष छ । जनताका छोराछोरी राष्ट्रपनि बन्ने अवसर पाएका छन् । तर, सरकार चलाउने पात्रहरुको कमीकमजोरीले गर्दा विभिन्न चलखेलले व्यवस्था माथि प्रहार भयो । जनतामाथि निराशा उत्पन्न गरायो । हामीले यो भास्यलाई चिर्ने प्रयास पनि गरेनौँ । जनता आफैँ पनि जागरुक बन्न सकेनन् । त्यसैले अब यो अवस्थालाई सुधार गर्ने र नयाँ पुस्तालाई जानकारी गराउन पहलकदमी लिनुपर्ने हुन्छ । राम्रो काम गरेर देखाउन सक्नुपर्छ । मुलुकमा खासगरी गुणस्तरीय शिक्षा र रोजगारीमा जोड दिनुपर्छ ।

**अन्त्यमा, एउटा नेताले चाहेमा देश बन्न सक्ने रहेछ भन्ने उदाहरण छिमेकबाट सिक्न सकिन्छ, यहाँ विश्व बुझेको नेता पनि हुनुहुन्छ । यसमा तपाईको दृष्टिकोण के छ ?**

नेपालको सन्दर्भमा राजनीतिक व्यवस्था प्रत्यक्ष निर्वाचित हुनुपर्छ । जस्तैः स्थानीय तहमा स्वतन्त्र रुपमा जितेकाले हामीले भन्दा पनि राम्रा काम गरिरहेको देखिन्छ । म पनि राजनीतिको माध्यमबाट केही गर्न सकिन्छ भनेर होमिएको हुँ । हाम्रो प्रमुख एजेण्डा कसरी धेरै रोजगारी सिर्जना गर्ने भन्ने हो । हामीले त्यसमा पहल गरिरहेका छौँ । अहिलेको व्यवस्थाभित्र धेरै गरिहाल्ने अवस्था छैन । अधिकारको सदुपयोग गर्दै आफ्नो 'भिजन'लाई लागू गर्न सक्ने खालको अवस्था आएमा पक्कै पनि देशलाई आर्थिक समृद्धिको दिशामा अगाडि बढाउन सक्छौँ भन्ने मान्यतामा छौँ । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन